सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक
# ज्योती जागरण
Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १४९ | वि.सं. २०७९ पुस १४ गते विहीबार | 29, 2022 Thursday, DEC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## बाल विवाह तथा दाइजो प्रथा विरुद्ध जनचेतना मुलक तालिम सम्पन्न ।

बिन्दबासिनी । पर्साको बिन्दबासिनी गाउँपालिका वडा नं ५ प्रसौनी भाट्ठामा बालविवाह तथा दाइजो प्रथा बिरुद्ध तालिम सम्पन्न भएको छ ।

बिन्दबासिनी गाउँपालिका उपाध्यक्ष ज्योती चौरसियाको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि पूर्व उपाध्यक्ष किरण देवी , शिक्षा शाखा प्रमुख कपिल लामिछाने , विपत तथा वातावरण शाखा प्रमुख रामप्रवेश साह , विशिष्ट अतिथिमा विक्रमजित प्रसाद साह रहनु भएका थिए ।



कार्यक्रममा मन्तब राख्दै गाउँपालिका उपाध्यक्ष चौरसियाले बाल विवाह तथा दाइजो प्रथा बिरुद्ध हुने गरेको तालिम अहिलेको अवस्थामा बालबालिका , युवा र महिला दिदिबहिनीहरुको लागि अति आवश्यक रहेको बताउनु भयो । बाल विवाह तथा दाइजो प्रथा सामाजिक अपराध हो ।

बाल विवाह तथा दाइजो प्रथाको कारणले कयौं घरबार तहसनहस भइसकेको छ । यो समाज बिकाशको अवरोधक हो ।

त्यसैले यसप्रकारका बाल विवाह तथा दाइजो प्रथा समाजबाट हटाउनुपर्छ र अरुलाई पनि यससम्बन्धी आफूले थाहा पाएको सुचना र जानकारी प्रदान गरी जिम्मेवार नागरिकको परिचय दिनुपर्छ ।बालबालिकामा भएको क्षमताहरुलाई विकास गर्दै बालबालिकालाई सकारात्मक बाटो तीर लैजान अभिभावक र साथीहरू ठुलो भुमिका खेल्दछन ।

साथै यस्ता बाल विवाह तथा दाइजो प्रथा बिरुद्ध सचेतना कार्यक्रम समय समयमा गर्न एकदमै जरुरी रहेको बिचार राख्नु भएको थियो ।

गाउँपालिका पूर्व उपाध्यक्ष गुप्ताले मन्तव्य राख्दै बाल विवाह तथा दाइजो प्रथा विरुद्धको कार्यक्रम गर्नुको उद्देश्यवारे प्रष्टयाउनु भएको थियो र बाल विवाह तथा दाइजो प्रथा न्यूनीकरण गर्न हामी एक्लैले मात्र नसक्ने हुँदा

बाँकी तेश्रो पृष्ठमा

## १४ वर्षीय निरजको हत्यामा संलग्न भएको आरोपमा २ जना पक्राउ



वीरगंज । पर्सा प्रहरीले वीरगञ्ज-२५ सिर्सियाका १४ वर्षीय निरजकुमार पासवानको हत्यामा संलग्न भएको आरोपमा २ जनालाई पक्राउ गरेको छ ।वीरगञ्ज-१७ अलौं बस्ने कृष्णा भन्ने श्यामप्रसाद यादव र धोविनी गाउँपालिका-१ घोडदौड पिप्रा घर भई वीरगञ्जमै बस्दै आएका ३० वर्षीय दिलीप कुमार पटेललाई प्रहरीले पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय पर्सामा पत्रकार सम्मेलन गरेर प्रहरीले घटनामा उनीहरुको संलग्नता रहेको दाबी गरेको छ। घटनामा थप एक जनाको संलग्नता देखिएको प्रहरीले जनाएको छ। उनको पहिचान भइसकेको र खोजी कार्य जारी रहेको प्रहरीको भनाइ छ।

अपहरणपछि हातखुट्टा तथा मुखमा कपडाको पट्टीले बाँधेर राखेकोमा निरजले डोरी फुकाएर भाग्न खोजेपछि उनको हत्या भएको प्रहरी उपरीक्षक कोमल शाहले जानकारी दिए। हत्याको उद्देश्य भनेको फिरौती माग्ने रहेको उनको भनाइ छ। घटनाबारे थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ।

मंसिर ५ गतेदेखि हराएका निरजको शव ३४ दिनपछि गाउँकै गुरूकुल पन्ना मेमोरियल इङ्गलिस स्कुलको पुरानो भवन अगाडिको सेप्टिक ट्याङ्कीमा पुस १० गते आइतबार साँझ भेटिएको थियो।

## मधेश प्रदेश : अपहरणमा परेका सिद्धकीको उद्धार, संलग्न भारतीय नागरिक पक्राउ



जनकपुरधाम, पुस १३ गते ।
मधेश प्रदेश प्रहरीले महोत्तरीको पिपरा गाउँपालिकाबाट अपहरणमा परेका एक व्यक्तिलाई उद्धार गरेको छ ।

काठमाडौँमा मैन पावर चलाउँदै आएको सिरहाको लहानका ईसर सिद्दकीलाई मधेश प्रदेश प्रहरीको टोलीले उद्धार गरेको हो ।

मैनपावर चलाउँदै आएका सिद्धकी जनकपुरधाम आउँदा पुस ९ गते अपहरणमा परेका थिए ।

उनको अपहरणमा संलग्न भारत बिहारका मधुवनी जिल्ला बेतहा पर्साका मोहम्मद मुख्तार शेषलाई समेत प्रहरीले पक्राउ गरेको छ ।

सिद्धकीको ससुराली समेत रहेको बेतहा पर्साका शेषसंग पुरानो लेनदेन विवाद रहेको थियो । सिद्धकीले शेषसंग ५ लाख रुपैयाँ सापटी लिएर फिर्ता नगरेपछि शेषले अपहरणको योजना बनाएको मधेश प्रदेश प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार शेषले सिद्धकीलाई अपहरण गरेर फिरौतीका लागि २५

बाँकी तेश्रो पृष्ठमा

## हेल्थ डेस्कको मेयर सिंहले गरे अनुगमन

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले मुख्य नाका इनरुवामा रहेको हेल्थ डेस्कको निरीक्षण गर्नुभएको छ ।

कोरोना भाइरस (कोभीड-९०) को संक्रमण छिमेकी देशमा फैलिरहेको र त्यसलाई यहाा भित्रिन नदिन उच्च सतर्कता अपनाउनु पर्ने देखिएकाले मुख्य नाकामा रहेको हेल्थ डेस्कको सेवा प्रवाहबारे जानकारी लिन बुधबार बिहान निरीक्षण गर्नुभएको हो ।

अहिले छिमेकी देश भारतमा कोभिड संक्रमित दैनिक बढिरहेकाले त्यहााबाट वीरगञ्ज प्रवेश गर्ने यात्रुलाई अनिवार्य जााच गरेर मात्रै भित्र्याउन पनि उहााले हेल्थडेस्कका स्वास्थ्यकर्मीलाई निर्देशन दिनुभयो ।



हेल्थ डेस्कमा आवश्यक स्वास्थ्य उपकरण, मास्क, स्यानिटाइजर लगायतका सामग्रीको कुनै कमी हुन नदिने गरी चुस्त राख्न पनि आग्रह गर्दै आवश्यक परेका सामग्री महानगरबाट लिन पनि उहााले आग्रह गर्नुभयो ।

हेल्थ डेस्कमा अहिले बिहान र बेलुकाको समयमा एन्टिजेन परीक्षण र शरीरको तापक्रम जााच गर्ने गरिएको छ ।

कोभिड संक्रमण फैलन नदिन सबैले सतर्कता अपनाउनु पर्ने देखिएकाले महानगरले आवश्यक आन्तरिक तयारी गर्न प्रवेशद्वारमा रहेको हेल्थको अनुगमन गरेको महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेलले बताउनुभयो ।

हेल्थ डेस्कको सरसफाई र मर्मत सम्भार गर्नु पर्ने कामलाई अघि बढाउन पनि कर्मचारीहरुलाई निर्देशन दिएको प्रमुख प्रशासकीय अधिकृत पौडेलले बताउनुभयो ।

अहिले दैनिक १ जनाको एन्टिजेन परीक्षण हुनुका साथै २ सय जनाको स्क्रिनिङ गर्ने काम गरिरहेको हेल्थ डेस्ककी चिकित्सक डा.अनिसा साहले जानकारी दिनुभयो ।

स्थानीयलाई तापक्रम स्क्रिनिङ गर्ने गरेको र विदेशीलाई भने एन्टिजेन नै परीक्षण गरेर पठाउने गरेको हेल्थ डेस्ककी चिकित्सक डा.अनिसा साहले बताउनुभयो ।

## मधेश प्रदेशका जेष्ठ सदस्य न्यौपाने भोली पद तथा गोपनियताको सपथ लिने

जनकपुरधाम, पुस १३ गते ।
मधेश प्रदेशसभाका ज्येष्ठ सदस्य गोवीन्द बहादुर न्यौपाने भोली पद तथा गोपनीयताको शपथ लिने भएका छन् ।७१ वर्षीय न्यौपानेलाई प्रदेश प्रमुख हरिशंकर मिश्रले बिहीबार दिउँसो २ बजे पद तथा गोपनीयताको शपथ खुवाउन लागेका हुन् ।

अब सांसद न्यौपानेले ज्येष्ठ सदस्यका हैसियतले प्रदेशसभाको अध्यक्षता गर्नेछन् ।

नेकपा एकीकृत समाजवादीका न्यौपाने मंसिर ४ मा सम्पन्न निर्वाचनमा सप्तरीको ४ 'क' बाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका हुन् ।प्रदेशसभाका बाँकी १०६ जना सदस्यलाई शुक्रबार न्यौपानेले शपथ खुवाउने कार्यक्रम रहेको छ ।



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा

कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)

अतिथी सम्पादक : कृष्णा कुशवाहा

विशेष प्रतिनिधी : मुस्तुफा आलम

कानूनी सल्लाहकार : पन्नालाल गुप्ता

कार्यालय : वीरगञ्ज-१३ राधेमाई,

इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# अबको शासकीय र विधायिकी तस्बिर

साहुजीहरूको संसद् र समाजवाद

राजेन्द्र महर्जन

हिजोआज शब्दहरुले
एउटै अर्थ दिन थालेका छन्
उदाहरणका लागि
तपाईं संसद्लाई संसद् भन्नोस्
अथवा सुपर मार्केट
- विमल निभा/शब्दकोश

संसद्को निर्वाचनपछि बानेश्वरमा इन्द्रेनी शैलीका वेशभूषा र भाषाका नाममा रमिता नै भयो– एकल राष्ट्रिय पोसाक लगाएर आउने दलपतिको उर्दीबीच सांसदहरूले अनेक राष्ट्रिय पोसाक लगाएर विभिन्न राष्ट्रभाषामा शपथग्रहण गरे ! एकल भाषाका वृद्ध अभियन्ता राजावादीबाट विभिन्न राष्ट्रभाषामा शपथग्रहण र अनेकअनेक राष्ट्रिय पोसाक पहिरनको भव्यता देखेर धेरैलाई लागेको हुन सक्छ– अब त संसद्मा सबैको सहभागिता हुने भयो, लोकतन्त्रमा सबैको हिस्सेदारी हुने भयो ! अनुहार, पोसाक र भाषाको सांकेतिक प्रतिनिधित्व देखेर दंगदास भएका आँखाले नदेख्न सक्छन्– कुनकुन वर्ग, वर्ण, जात, जाति, लिंग र क्षेत्रको कम-बेसी प्रतिनिधित्व किन र कसरी भयो ? जनताको प्रतिनिधित्व गर्ने दाबी गरेका अधिकांश सांसदले वास्तवमा ककसका हित, स्वार्थ र विचारको प्रतिनिधित्व गर्दै छन् ?

करोडौं रकम खर्च गर्न सक्ने मात्रै निर्वाचित हुने गरी भएको संसद्को निर्वाचनले पनि प्रस्ट देखाएको छ– देशमा 'बडा नागरिक' र 'छोटा नागरिक' को उँचनीच छ, जसरी पहिलेदेखि शक्ति-सम्बन्धमा 'थजात' (माथिल्लो जात) र 'क्वजात' (तल्लो जात) को विभाजन छ । खल्तीबाट टिकट बाँड्ने 'थजात' का दलपतिहरूका नजरमा पार्टीलाई थैली बुझाउने सक्ने र मत किन्न थैलीको मुख खोल्न सक्ने 'बडा नागरिक' नै उम्मेदवार हुन सक्षम भए । यसै क्रममा ससाना कमजोरी र गल्तीका कारण पनि कोही उम्मेदवार हुन अयोग्य ठहऱ्याइए भने कोही हिंसा र भ्रष्टाचारका अभियुक्त हुँदाहुँदै सांसद पड्काउन योग्य र सक्षम ठहरिए । उदाहरणका लागि, भृकुटीमण्डप फनपार्क मेलाका सञ्चालक एवं पूर्व श्रम राज्यमन्त्री टेकबहादुर गुरुङ करोडौं रकम भ्रष्टाचार गरेको अभियोगमा मुद्दा खेप्दाखेप्दै पनि मनाङबाट सांसद पदमा बकाइदा निर्वाचित भए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा चलायो, विशेष अदालतले फौजदारी अभियोगको मुद्दा वर्षौंसम्म छिनेन, निर्वाचन आयोगले उम्मेदवार बन्ने सहुलियत दियो, नयाँ प्रतिनिधिसभाले शपथ खुवाएर पुरस्कृत गऱ्यो । अभियुक्तलाई सांसद बनाउने राज्यका संयन्त्रहरूको हातेमालो हेर्नलायकको छ ।

कानुन तोड्ने विशेषाधिकार

कानुन बनाउने प्रतिनिधिसभामा कानुन तोड्ने बडा नागरिकलाई नै सांसदका रूपमा शपथ खाएर माननीय भएको देखी छक्क पर्न सकिँदैन । अब त उनीहरू नै प्रतिनिधिसभाका विभिन्न विषयगत समिति र विशेष समितिका सभापति वा सदस्य भएनन् भने, कानुन लागू गर्ने कार्यपालिकाका सदस्य (मन्त्री) हुँदै सम्माननीय हुने बाटामा लागेनन् भने अचम्म मान्नुपर्ने हुन्छ । किनभने यस्तो राजनीतिक पद र सुविधामाथि बडा नागरिकहरूको आरक्षण कायम छ । 'सानालाई ऐन, ठूलालाई चैन' कायम हुने गरी चलाइएको छ समाज-व्यवस्था । यस्तो व्यवस्थामा कानुन बनाउनु र तोड्नु त बडा नागरिकहरूको विशेषाधिकार नै हो नि !

भ्रष्टाचारका आरोपमा मुद्दा खेपिरहेका सांसद तथा पूर्वमन्त्री टेकबहादुर गुरुङको प्रकरण त संसदीय राजनीतिमाथि बडा नागरिकहरूको राइँदाइँको समुद्रमा देखिएको 'आइसबर्ग' (हिमशिला) मात्रै हो । एक से एक ठेकेदारसँगै ठूला व्यापारीहरू प्रत्यक्ष निर्वाचन प्रणालीबाट जितेर र समानुपातिक निर्वाचन प्रणालीबाट तानिएर आएपछि अन्य वर्ग, वर्ण, जात, जाति, लिंग र क्षेत्रको झन्झन् कम हुँदै गएको प्रतिनिधित्वसँग तुलना गरियो भने संसदीय राजनीतिको गुदी थप उदांगो हुनेछ ।

हुन त पछिल्लो चरणमा नेपाली मिडियामा यही राजनीतिको अन्तरविरोधी पाटोका रूपमा रहेको अप्रतिनिधित्वको पक्षबारे, दलित, जनजाति, महिला, मधेशी, मुस्लिमहरू प्रतिनिधित्वबाट वञ्चित भएको तथ्यबारे बलियो रिपोर्टिङ गर्ने प्रवृत्ति केही हदसम्म बढेको छ । कुनै शंका छैन, सत्ता-शक्तिको साँचो जनैमा भिर्दै हिँड्ने थजात नेतृत्वको राजनीतिक दलमा प्रभाव नभएका, दलपतिको नजरमा नपरेका, सत्ता-शक्ति-सम्पत्तिमा पहुँच नभएका अधिकांश समुदायको अप्रतिनिधित्व र वञ्चना स्वयंमा जनआन्दोलन र संविधानको मर्मभन्दा उल्टो प्रक्रिया हो । यसको अर्को नांगो पक्ष भनेको प्रत्यक्ष र समानुपातिक प्रणालीबाट पनि खस-आर्य, महिला वा पिछडिएको क्षेत्रका नाममा एउटै नस्ल, वर्ण र जात समूहका अभिजातवर्गीय प्रतिनिधित्वको भारीले संसद् थिचिनु हो । यो त संसदीय राजनीतिको गुदीको सानो हिस्सा मात्रै हो, जबकि अब उदांगो हुने गरी देखाउनैपर्ने पक्ष हो– संसदीय राजनीतिमा ठेकेदार र व्यापारीहरूको सांसदका रूपमा उल्लेख्य प्रतिनिधित्वसँगै व्यवस्थापिका र कार्यपालिकाका नीति-निर्णयमा उनीहरू कसरी प्रभुत्वशाली बन्दै छन् ? वर्ण, जात, लिंग र क्षेत्रका आधारमा उनीहरूको तथ्यांकको विश्लेषण गरियो भने राज्यलाई इन्द्रेनीजस्तै देखिने गरी समानुपातिक समावेशी बनाउने संवैधानिक वाचालाई लोप्पा खुवाउने कामलाई नै अब लोकतान्त्रिक पद्धति मान्नुपर्ने हुन्छ ।

संसद्मा साहुजीहरूको प्रभुत्व

यस पटकको संसदीय निर्वाचनको बलियो प्रवृत्ति हो– प्रतिनिधिसभामा ठूलठूला एक से एक ठेकेदार र व्यापारीहरूको उल्लेखनीय प्रवेश । पुराना र नयाँ दलले ठेकेदार र व्यापारी-उद्योगपतिहरूलाई जनप्रतिनिधिको पहिचान दिएर संसद्मा हुले, प्रत्यक्ष र अप्रत्यक्ष निर्वाचन प्रणालीबाट । दलपतिहरूका कृपाको परिणामस्वरूप प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा विभिन्न निर्माण कम्पनीसम्बद्ध १९ ठेकेदार सांसदमा निर्वाचित भए । विमल खतिवडाको रिपोर्ट अनुसार प्रतिनिधिसभाका लागि चुनावी मैदानमा उत्रिएका १५ ठेकेदारमध्ये ८ जना सांसद चुनिए । उनीहरूमध्ये नेपाली कांग्रेसबाट निर्वाचित भएका ५ जना ठेकेदार रसुवा, कालिका र कान्छाराम कन्स्ट्रक्सनजस्ता देशका ठूलठूला निर्माण कम्पनीका मालिक हुन् । निर्माण कम्पनीका ठेकेदारले दलका लागि पैसा दिने र दलका राजनीतिक ठेकेदारहरूले उनीहरूलाई टिकट दिने लेनदेनको परिणामस्वरूप संसदीय मुद्दामा पनि मोलमोलाइ र हेराफेरी हुने क्रम अब झन् बढ्नेछ । सांसद र मन्त्री भएर, प्रतिनिधिसभाका संसदीय समितिमा बसेर निर्माण व्यवसायसँग जोडिएका विषयमा नीति बनाउँदा, ठेक्कापट्टा दिँदा र अनुगमन गर्दा ठेकेदार सांसदहरूले पद र शक्तिको दुरुपयोग गरेका उदाहरणको कमी छैन ।

त्यस्तै गरी, दिलीप पौडेलको रिपोर्ट अनुसार यस पटक ठेकेदारहरू लगायत विनोद चौधरीजस्ता अर्बपतिसँगै २० जनाभन्दा बेसी व्यापारी र उद्योगपति प्रत्यक्ष निर्वाचित सांसदको हैसियतका साथ प्रतिनिधिसभामा उपस्थित भएका छन् । यस्ता सांसदले आफ्नो निर्वाचित पद र समितिको सदस्यको हैसियतलाई देशको समग्र अर्थतन्त्रको हितमा भन्दा बेसी निजी व्यवसायको स्वार्थतिर केन्द्रित गरेका उदाहरण धेरै छन् । संसद् पुग्ने व्यापारीले अनुभव र विज्ञता अनुसार योगदान गर्नुभन्दा पनि स्वार्थको द्वन्द्व हुने गरी आफ्नो व्यवसायसँग मिल्दो मन्त्रालय वा समितिमा बस्ने, कानुन निर्माणमा हस्तक्षेप गर्ने र अनुगमनलाई प्रभावित पार्ने गरेका छन् । त्यसैले यज्ञ बन्जाडेले एउटा

बाँकी तेश्रो पृष्ठमा

# उक्लिँदो वित्तीय लगानी, खस्किँदो अर्थतन्त्र

सामुदायिक विद्यालयमा गुणस्तरको पाटो

राम गुरुङ

सामुदायिक विद्यालय शिक्षाको गुणस्तरमाथि भएका बहसहरू तारिफयोग्य छन् । सिकाइ, शिक्षण पद्धति र प्रणालीको सुधार हुनुपर्छ भन्नु परिवर्तनको संकेत हो, जसले परम्परागत शिक्षा र शैक्षिक प्रणालीलाई नकारेको छ । विद्यालय व्यवस्थापन विकेन्द्रित र स्वायत्त भएकाले सामुदायिक विद्यालयको शिक्षण सिकाइ पनि बदलिएको छ । गुणस्तरीय शिक्षाको मूल मर्म व्यक्तिको क्षमता अभिवृद्धि गर्नु भए पनि गुणस्तरीय शिक्षाबारेको बुझाइ सैद्धान्तिक र व्यावहारिक हिसाबमा अपुरो छ ।

गुणस्तरीय शिक्षा

शिक्षा र गुणस्तरबारे सबैमा एउटै बुझाइ नहुन सक्छ । भूगोलको बनोट, जातजाति र सांस्कृतिक विशेषताका कारण समाज र परिवेश हेरी अर्थ र महत्त्व फरक हुन्छन् । गुणस्तरीय सिकाइको व्यावहारिक उपयोगिता र प्रयोगबारे धेरै चर्चा भएको छैन । युनिसेफले विद्यालयमा हुने सहज सिकाइलाई गुणस्तरीय शिक्षा मानेको छ । विद्यार्थीकेन्द्रित शिक्षण र मूल्यांकन विधिलाई प्राथमिकता दिइएको भए पनि विद्यार्थीको क्षमता अभिवृद्धि गर्नपट्टि ध्यान पुगेको देखिन्न । नेपालजस्तो शिक्षालाई 'भर्ना र परीक्षा' मात्रै मान्ने समाजका लागि यस्ता परिभाषा अपर्याप्त छन् ।

संयुक्त राष्ट्रसंघ र युनिसेफको अवधारणा लगभग उस्तै छ । संयुक्त राष्ट्रसंघले गुणस्तरीय शिक्षालाई समावेशी र दिगो विकासको बृहत् राष्ट्रिय लक्ष्यसँग जोडेको छ । असमानता र गरिबी अन्त्य गर्न चाहिने ज्ञान, सीप तथा मनोवृत्ति विकास गर्ने शिक्षा नै गुणस्तरीय शिक्षा हो । तथापि राष्ट्रसंघले पनि सीप तथा ज्ञानको विशिष्ट सामाजिक परिवेश र आवश्यकतालाई समेटेको छैन । यसले व्यक्तिले आफूले चाहेको जीवन बाँच्न सघाउने परिवेशसुहाउँदो सिकाइको कुरा गर्दैन । व्यावहारिक जीवनशैली र अनुभूतिले महत्त्व नपाउने यस्तो अवधारणाले डाक्टर वा प्लम्बर के बन्ने भनी जीवनको विकल्प रोज्ने स्वतन्त्रता दिँदैन ।

फरक बुझाइ

गुणस्तरीय शिक्षाको मुद्दा सामुदायिक विद्यालयको मात्रै होइन, स्थानीय राजनीतिक दल र सरकारले पनि बोकेको छ । चुनावी घोषणापत्रदेखि नीति तथा कार्यक्रममा शिक्षाको गुणस्तर सुधार्नेबारे उल्लेख भएका छन् । शिक्षाको गुणस्तर खस्केको स्वीकार गरिए पनि विद्यार्थी, अभिभावक र शिक्षकले गुणस्तरीय शिक्षालाई फरक रूपमा बुझेका छैनन् । विद्यार्थीहरू परीक्षामा धेरै अंक ल्याउनुलाई गुणस्तरीय शिक्षा ठान्छन् । शिक्षकहरू विद्यार्थीको संख्या बढ्नुलाई शिक्षाको गुणस्तर उकालिनु मान्छन् । अभिभावकले त 'जागिर खाने' साधनबाहेक अर्को सोचेका छैनन् । स्थानीय सरोकारवालालाई विद्यालय शिक्षाले विद्यार्थीको निजी र सामाजिक जीवनमा कस्तो प्रभाव पार्नुपर्छ भन्ने थाहा छैन ।

गुणस्तरीय सामुदायिक विद्यालय शिक्षाबारे भएका सामान्य बहसहरू अहिले पनि शिक्षककेन्द्रित छन् । शिक्षक नै ज्ञानको सम्पूर्ण स्रोत हो भन्ने मान्यतामा शिक्षाको गुणस्तर अडिएको छ । भौगोलिक विकटता, अभिभावकको आर्थिक क्षमता र उन्नत शैक्षिक सामग्रीलाई सिकाइ र गुणस्तरसँग जोडिएको देखिन्न । राज्यले दिने पाठ्यपुस्तक र शिक्षकमा निर्भर यस्ता सिकाइलाई नै सामुदायिक विद्यालयहरूले गुणस्तरीय शिक्षा मानेका छन् ।

कसरी ?

क्षमता बढाउने विद्यार्थीकेन्द्रित सिकाइ नै गुणस्तरीय शिक्षा हो । आफ्नो समाज र परिवेशमाथि प्रश्न गर्न र जवाफ खोज्न सक्ने विद्यार्थी तयार हुनु सबल शिक्षाका परिणाम हुन् । तर सामुदायिक विद्यालयले विद्यार्थीको व्यक्तिगत क्षमता अभिवृद्धिसँग नजोडिएका भौतिक अवस्थाको सुधारलाई गुणस्तरीय शिक्षा भनिरहेको छ ।

भाषाको भ्रम : सामुदायिक विद्यालयहरूले शिक्षाको गुणस्तर सुधार्न भन्दै अंग्रेजी भाषालाई सिकाइको मुख्य माध्यम बनाएका छन् । ऐच्छिक भए पनि विगत पाँच वर्षमा करिब ५७ प्रतिशत विद्यालयले अंग्रेजी भाषामा पठनपाठन सुरु पनि गरिसकेका छन् । खासमा यो स्थानीय निजी विद्यालयसँग प्रतिस्पर्धा गर्ने औजार मात्र बनेको देखिन्छ । शिक्षक, अभिभावक र स्थानीय राजनीतिक नेतासित अंग्रेजी भाषाले कसरी सिकाइको स्तर सुधार्छ भन्ने प्रश्नको ठोस जवाफ छैन । परीक्षामुखी पढाइलाई स्थानीय र विश्व परिवेशसँग जोड्ने योजना र रणनीतिबारे बहस भएको छैन । यसका लागि चाहिने जनशक्ति, खास गरी शिक्षक र शैक्षिक पूर्वाधार तयार गर्नेबारे सोचिएको देखिन्न ।

भर्नाको भर : विद्यार्थीको संख्यासँग शिक्षण सिकाइको कुनै सम्बन्ध छैन । शिक्षकले सिकाउने र विद्यार्थीले सिक्ने कुरा व्यक्तिको समाज र स्थानीय परिवेशसँग गाँसिएको हुन्छ । सामुदायिक विद्यालयहरूले पनि धेरै विद्यार्थी भर्ना हुनुलाई गुणस्तरीय शिक्षा भनेका छन् । गत पाँच वर्षमा संखुवासभा, धादिङ र लमजुङका सामुदायिक विद्यालयमा विद्यार्थीको भर्नादर ८४ प्रतिशतदेखि ३११ प्रतिशतसम्म बढेको छ । तर अभिभावकहरू भने राज्यले दिने छात्रवृत्ति र रोजगारीको आरक्षणबाट

बाँकी तेश्रो पृष्ठमा

# उतारचढावको वैदेशिक व्यापार

सत्ता समीकरणको नयाँ गणित

डा. राजन भट्टराई

नयाँ सरकारलाई अवसर र चुनौती दुवै छन्। विगतबाट पाठ सिकेर प्रधानमन्त्री प्रचण्डले देश विकास गर्नुपर्छ।

वास्तवमा सत्ता गठबन्धन प्राकृतिक नै थिएन। अप्राकृतिक भएकाले त्यसको पटाक्षेप जसरी हुनुपर्थ्यो त्यसरी नै भएको छ। जहाँसम्म अहिलेको स्थिति भनेको नेपाली कांग्रेस गठबन्धनसहितको दुईतिहाइ भनेर गए तर आउने बेलामा सामान्य बहुमत पनि पुऱ्याउन नसकेको एउटा अवस्था उत्पन्न भएको थियो। गठबन्धन निर्वाचनमा जुन बाटोबाट आएको थियो, त्यो जनताले अस्वीकार गरेको अवस्था थियो। यस्तो अवस्था हुँदाहुँदै पनि गठबन्धनले त्यसलाई कायम राख्ने र जबर्जस्त रूपमा सरकार बनाउने उहाँहरूको बाटो रह्यो।

खासमा गठबन्धन कुनै विचारका आधारमा थिएन। नीतिका आधारमा पनि थिएन। कुनै कार्यक्रमका आधारमा पनि थिएन। विशुद्ध त्यो प्रधानमन्त्री बनेका एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई हटाउने र एमालेलाई 'साइज'मा राख्ने उद्देश्यले गठबन्धन बनेको थियो। हिजो कार्यक्रम, नीति र विचारबिनाको गठबन्धन बन्यो र सत्तास्वार्थमा रमायो। त्यसमै गठबन्धन सीमित रह्यो पनि। खासमा अहिले भएको पनि सत्ताकै टकराब हो। यो परिस्थितिले गठबन्धन पटाक्षेप भयो, जो हुनु नै थियो।

अब हामीले सुरुदेखि के भनेका थियौं भने गठबन्धन कायम रहेसम्म एमालेको सरकारमा दाबी हुने छैन। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग पनि एमाले अध्यक्ष ओली प्रत्यक्ष टेलिफोन सम्पर्कमा हुनुहुन्थ्यो। दोस्रो तहका नेताहरू पनि सम्पर्कमा थिए। हामीहरू आफैं पनि कतिपय कुराकानीमा थियौं। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको तर्फबाट पनि कुराकानी अप्रत्यक्ष रूपमा भइरहेकै थियो। तर हामीले दुवै पक्षलाई के भनिरहेका थियौं भने तपाईंहरूको गठबन्धन कायम रहेसम्म हाम्रो सरकारमा दाबी रहँदैन र त्यस हिसाबले हामी जाँदैनौं पनि।

गठबन्धन जोगाउने अन्तिम प्रयास उहाँहरूबाट भएकै हो। तर स्वार्थ नमिलेपछि गठबन्धन टुट्यो। गठबन्धन टुट्यो भनेपछि हाम्रो 'एजेन्डा' 'ओपन' हुन्छ है भनेर हिजो नै भनेका थियौं। किनभने गठबन्धन टुटेपछि त स्थिति सामान्य हुँदैन, सबैलाई थाहा भएकै विषय हो। यो निर्वाचनको 'म्यान्डेड' पछि अर्थात् नयाँ निर्वाचनपछि आएका शक्तिहरूका बीचमा हिजोकै गठबन्धन कायम राख्न खोज्ने प्रयास गरिएको थियो, त्यो रहुन्जेल एमाले बाहिरै बसेकै हो। किनकि त्यो गठबन्धनको नीतिगत विरोध गरेका थियौं। संवैधानिक र कानुनी हिसाबले पनि त्यो बेठिक हो भनेका थियौं। जब गठबन्धन टुट्यो, अब हामी त्यहाँ रहन नसक्ने भयौं भनेर माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड आइसकेपछि गठबन्धनमा नरहेका बाँकी दल एक ठाउँमा आउने स्थिति बनेको हो।

प्रतिपक्षमा रहेर बस्न तयार भएका दलहरू एउटा ठाउँमा थियौं। जोसँग हामी हिजो निर्वाचनमा पनि सँगै गएका थियौं। जस्तो, राष्ट्रिय प्रजातन्त्र पार्टी र जनता समाजवादी पार्टी। आंशिक सहमति र सहकार्य गरेकै हौं। यी दुईवटा पार्टी निर्वाचनदेखिको सहकार्य गरेका भए। राष्ट्रिय स्वतन्त्र पार्टी पनि हाम्रो पार्टीसँग संवादमा थियो। ऊ पनि सहकार्य गरेर जाने मतमा थियो। अब गठबन्धनको निर्णायक भनेर हिँडिरहेको पार्टी चाहिँ अहिले गठबन्धन छोडेर आएँ भनेपछि स्वाभाविक रूपमा हिजोको अवस्था पनि रहँदैन भनेपछि एमाले सहकार्य गर्न तयार छ भनेको हो। त्यही कोर्समा वर्तमान राजनीति अघि बढेको हो।

अहिले जनता सुशासन नभएर हार मानेका छन्। नयाँ सरकारले सुशासनको अनुभूति हुने गरी काम अघि बढाउनु पर्छ। सुशासनको प्रत्याभूति नै देशमा 'सिस्टम' बसाएर दिने हो।

अहिले एउटा सहमति भएको छ, प्रधानमन्त्रीमा प्रचण्ड, राष्ट्रपति र सभामुखमा एमाले। साढे दुई वर्षपछि प्रधानमन्त्री फेरिने र एमालेले पाउने। राष्ट्रपति भने एमालेकै रहने भन्ने सहमति भएको हो। यही सहमतिको कोर्समा मुलुकको राजनीति अगाडि बढ्छ। मन्त्रिपरिषद् सबैको हैसियतअनुसारको बाँडफाँटमा बन्छ। अब मुलुकलाई अगाडि लैजाने काम हुन्छ। गठबन्धनको यो संस्कृति अगाडि जुन बनाइयो र मुलुकलाई गम्भीर अवस्थामा पुऱ्याइयो। गठबन्धनका कारण अत्यन्त असक्षम र अयोग्य नेतृत्व जुन हिसाबले रहिरह्यो, त्यसको निरन्तरता जनताले खोजेका थिएनन्। जनता यो निर्वाचनपछि त्योभन्दा पृथक् ढंगले सरकार बनोस्, कामयावी र प्रभावकारी बनोस् भनेर चाहिरहेका थिए। निर्णायक हिसाबले अगाडि जान सक्ने हिसाबले सरकार बनोस् भन्ने चाहना पूरा भएको हो।

जनताले खासगरी यस्तो सरकार जसले विकास, सिस्टम र सुशासनको मामिलामा प्रभावकारी भूमिका खेलोस् भनेर चाहेका थिए। अझ राजनीतिक स्थिरता पनि जनताले चाहेका हुन्। अब गठन हुने सरकारले यी सबै कामलाई कुनै हरहालतमा सम्बोधन गर्न सक्नु पर्छ। अहिले जुन फ्रेस म्यान्डेडका साथ आएको पंक्तिसमेत यसमा सामेल भएर सरकारमा जाने कुरा भएको छ, त्यसले पनि गति र लय समात्नु पर्छ। यसैले संविधानको रक्षा हुन्छ, राजनीतिक स्थिरता हुन्छ। र, जनताले परिवर्तनको अनुभूति गर्ने स्थिति बन्छ भन्ने हो।

खासमा निर्वाचनले कसैलाई पनि 'एब्सोलुट मेजोरिटी' दिएन। गठबन्धनबाट 'लार्जेस्ट' पार्टी भएको हो कांग्रेस। गठबन्धनमा भएको माओवादीको 'दम्भ' हटाइदिने हो भने कांग्रेसको सिट पुग्दैन। कांग्रेसले त गठबन्धनसहितको मतमा म्यान्डेड पाएको हो। त्यसैले सरकार बनाउने अवस्थामा आइतबार देखिएको राजनीतिक 'सिनारियो' म्यान्डेडविपरीत

बाँकी तेश्रो पृष्ठमा

## उतारचढावको......

होइन, त्यसरी बुझ्नु र जानु पनि हुँदैन। प्रचण्ड नेतृत्वको अबको सरकारलाई जिम्मेवारीपूर्वक अघि बढ्नुपर्ने दायित्व छ। नागरिकलाई दिनुपर्ने सेवाप्रवाह एकदमै कमजोर भएको छ राज्यका तर्फबाट। यसलाई प्रभावकारी बनाउनु नयाँ सरकारको चुनौती हो। नयाँ गठबन्धन सुनिश्चितताका साथ अघि बढ्छ। यसमा कुनै समस्या म देख्दिनँ। समस्या के चाहिँ बढी देख्छु भने सरकार गठन भइसकेपछि प्रभावकारी काममा अगाडि बढाएर जाने नै हो। जसमा अघि भनेका कुरा ठप्प भएको विकासको गतिलाई तीव्र बनाउने पहिलो प्राथमिकतामा पर्नु पर्छ।

दोस्रो, सुशासन। अहिले जनता सुशासन नभएर हार भएका छन्। सुशासनको अनुभूति हुने गरी काम अघि बढाउनु पर्छ। सुशासनको प्रत्याभूति नै देशमा 'सिस्टम' बसाएर दिने हो। जनतासँग जोडिएका निकायहरू जहाँ भ्रष्टाचार र अनियमितता छ, त्यसलाई चुस्त, दुरुस्त बनाउनु पर्छ। अन्तर्राष्ट्रिय राजनीतिमा अहिले जुन खालको असन्तुलित नेपाल हुन खोजेको हो कि ? भन्ने भ्रम चिर्नु पर्छ। परम्परागत रूपमा रहिआएको स्वतन्त्र परराष्ट्र नीति तलमाथि हुने हो कि ? भन्ने जुन आशंका, डर र त्रास थियो, त्यसलाई ठीक ठाउँमा ल्याउनु पर्छ। नयाँ सरकारलाई अवसर पनि छन्। यसलाई प्राप्त भएको अवसर भनेकै यो संविधान आएपछि र बहुदलीय व्यवस्थाकै माध्यमबाट मुलुकको विकास र अग्रगतिको बाटोमा लैजान्छौं भन्ने विश्वास दिलाएर जनताको चाहनाअनुरूप अघि बढाउन पाउनु हो। त्यसैले अब विगतका सबै कमीकमजोरीबाट पाठ सिक्नै पर्छ र सुध्रिएर अगाडि जानै पर्छ। सबै दलले यसबीच शिक्षा लिएका छन्, लिएका छौं। विगतका सबै कुराबाट शिक्षा लिँदै मुलुकलाई अग्रगामी बाटोबाट जानु पर्छ। फेरि तिनै गल्ती र कमजोरी दोहोऱ्याइयो भने जनताले माफ गर्दैनन् भन्ने त अब बुझ्नै पर्छ, चेत्नै पर्छ।

सरकारको नेतृत्व माओवादी केन्द्र र एमालेले अढाई अढाई वर्ष गर्ने सहमति भएको छ। प्रचण्डको साढे दुईवर्षे नेतृत्वपछि एमालेले सरकारको नेतृत्व गर्नेछ। अन्त्यमा भन्नुपर्दा, नयाँ परिस्थितिमा निर्वाचन भएको छ। यद्यपि कुनै एउटा दलको बहुमत प्राप्त भएर बहुमतको आधारमा सरकार सञ्चालन गर्दा जति सहज हुन्थ्यो, सही बाटोमा मुलुकलाई लिएर अघि जाने अवस्था हुन्थ्यो, त्यो त नहोला। तर, यसका बाबजुद पनि मुलुकमा नयाँ प्रधानमन्त्री आउनु भएको छ। लामो समयदेखि मुलुकले भोगेका पीडा देखेबुझेको व्यक्तित्व हुनुहुन्छ, उहाँलाई अहिलेका समस्या र चुनौतीहरू के के हुन् ? सबै थाहा छ। त्यसलाई बुझेर नेतृत्व अघि बढाउनु हुनेछ।

एमालेका अध्यक्ष ओलीले पनि पटकपटक भन्नुभएको छ कि एजेन्डामा आधारित भएर समर्थन र विरोध गर्ने हो। कसलाई कुन भाग दिने भन्ने आधारमा, पद बाँडफाँट गरेका आधारमा जाने होइन भन्नु भएको छ। त्यसैमा एमाले प्रतिबद्ध छ। प्रधानमन्त्रीको शपथपछि मन्त्रिमण्डल बन्छ। त्यसमा सबै पार्टीले आआफ्नो तर्फबाट नेतृत्वमा जाने काम हुन्छ।

- भट्टराई, नेकपा एमालेका विदेश विभाग प्रमुख हुन्। **साभार अन्नपूर्णपोष्ट्**

## उक्लिँदो.......

वञ्चित नहोऊन् भन्ने मनसायले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाएको बताउँछन् । राज्यको शैक्षिक नीतिमा परिवर्तनका कारण विद्यार्थीको भर्नामा पारेको प्रभावमाथि ध्यान गएको छैन ।

भवनको भाष्य : उल्लेख्य असर नगरे पनि सुविधासम्पन्न भौतिक पूर्वाधारले विद्यार्थीको सिकाइ सहज बनाउँछ । समय र समाजसुहाउँदो पाठ्यक्रम, पाठ्यक्रम अनुसार पढाउन सक्ने शिक्षक र विश्व-स्थानीय परिवेशसित जोडिएका शैक्षिक क्रियाकलाप सबल सिकाइका आधार हुन् । तर सामुदायिक विद्यालयको प्राथमिकतामा विद्यार्थीले सिकाइमा सहयोगी महसुस नगरेका भवन, खेलमैदान, पुस्तकालय र प्रयोगशाला निर्माण पर्ने गरेका छन् । पुस्तकालय भरिभराउ भए पनि पाठ्यक्रम र अतिरिक्त सिकाइ सम्बन्धी पुस्तक कम छन् । दक्ष प्रशिक्षक र आवश्यक पूर्वाधारबिनाका शैक्षिक प्रयोगशाला विद्यार्थीको क्षमता अभिवृद्धि गर्नमा प्रभावकारी देखिएका छैनन् ।

अलमलको सिकाइ : विद्यार्थीलाई क्षमतावान् बनाउन विश्वज्ञानको जति महत्त्व छ, विद्यार्थीले विश्वज्ञानलाई स्थानीयतासित जोड्न सक्नु उत्तिकै जरुरी हुन्छ । यसले विद्यार्थीलाई समस्या र अवसरलाई खुट्याउन सक्ने बनाउँछ । स्थानीय सरकारले विद्यालयका पाठ्यक्रमहरू बनाएका छन् । तर स्थानीय स्रोत र साधनका भरमा बनेका पाठ्यक्रम राष्ट्रिय स्वार्थ र अन्तर्राष्ट्रिय परिस्थितिसित जोडिएका छैनन् । टपरी गाँस्न सिकाउनु भावनात्मक पक्षबाट सही भए पनि 'स्थानीयवाद' बाट प्रभावित यस्तो सिकाइले विद्यार्थीलाई विश्वपरिवेशमा कसरी प्रतिस्पर्धी बनाउँछ भन्ने सोचिएको छैन ।

वर्गीकृत शिक्षण सिकाइ : धेरैजसो सामुदायिक विद्यालयले दुई खाले पढाइ सञ्चालन गरिरहेका छन् । संख्या फरक भए पनि अंग्रेजी र नेपालीमा अध्ययन गर्ने फरक विद्यार्थी समूह छन् । अंग्रेजी भाषालाई गुणस्तरीय शिक्षाको अभिन्न अंग बनाइएको छ । तर नेपालीमा पढिरहेका विद्यार्थीले गुणस्तरीय सिकाइ गरे-नगरेको जान्ने कुनै मानक छैन । भाषाका दृष्टिमा, एउटै विद्यालय पढ्ने विद्यार्थीहरूका फरकफरक शैक्षिक वर्ग जन्मिरहेका छन् । सिकाइका हिसाबले विद्यार्थीले व्यक्तिगत क्षमता कति वृद्धि गऱ्यो, जान्ने आधार छैन । आवश्यक शैक्षिक पूर्वाधारबिना प्रयोग भएको भाषाले शिक्षाको गुणस्तर कसरी उकास्छ, भन्न सकिन्न ।

बचतमुखी अभ्यास : सामान्यतः सामुदायिक विद्यालय पढ्न विद्यार्थीले शुल्क तिर्नुपर्दैन । राज्यले दिने विभिन्न अनुदानले शैक्षिक क्रियाकलाप चलेका छन् । तर धेरै विद्यालयसँग पर्याप्त शिक्षक दरबन्दी छैन । शिक्षकलाई तलबभत्ता दिन भर्नामार्फत अभिभावकसँग पैसा उठाइएको छ । यसरी उठेको रकमको ठूलो हिस्सा तिनले बचत गर्ने गरेका छन् । उदाहरणका लागि, गत पाँच वर्षमा संखुवासभाको कटुस (परिवर्तित नाम) उच्च माध्यमिक विद्यालयले मात्र १ करोड ४३ लाख, लमजुङको काफल उच्च माध्यमिक विद्यालयले ८२ लाख र धादिङको खोला माध्यमिक विद्यालयले ३१ लाख बचत गरिसकेका छन् । तर शिक्षक र स्थानीय राजनीतिज्ञले यसलाई गुणस्तरीय शिक्षा दिँदाको प्रतिफल मानेका छन् ।

सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षाको कुरा गर्दा, एकीकृत पाठ्यक्रमको सबैभन्दा महत्त्वपूर्ण हुन्छ । स्थानीय आवश्यकता, राष्ट्रिय स्वार्थ र अन्तर्राष्ट्रिय परिवेशलाई संयोजन गरिएको पाठ्यक्रमले विद्यार्थीको सिकाइलाई क्षमतामुखी बनाउँछ । तर सामुदायिक विद्यालयमा अध्यापन भइरहेका सामाजिक शिक्षा, अंग्रेजी र नेपालीजस्ता धेरै विषय जानकारीमूलक मात्रै छन्; विद्यार्थीलाई प्रश्न गर्न सक्ने आँट र सीप दुवै दिँदैन ।

पाठ्यक्रम बुझेर पढाउने शिक्षक सबल सिकाइको मूल आधार हो, जसले देश, दुनियाँ र आफ्नो समाजलाई कसरी जोड्ने भन्ने सिकाउँछ; नयाँ प्रश्न गर्न र त्यसको उत्तर खोज्न उत्प्रेरित गर्छ । तर अधिकांश सामुदायिक विद्यालयका शिक्षकले शिक्षण पेसालाई बाध्यता बनाएका छन् । समय र समाजलाई पाठ्यक्रमसँग जोडेर पढाउनपट्टि उत्प्रेरित गर्न 'चक्रीय शिक्षण मूल्यांकन विधि' लाई प्रयोग ल्याउन सके शिक्षाको गुणस्तर सुधार्न सहयोग हुन्छ ।

विद्यालयमा सिकेका कुरालाई क्षमतामा बदल्नु नै गुणस्तरीय शिक्षा हासिल गर्नु हो । परीक्षा वा अतिरिक्त गतिविधिले मात्रै यसलाई निखार्न सक्दैन । यसका लागि व्यावहारिक अभ्यासको खाँचो हुन्छ । स्थानीय तहमा भएका सामाजिक संघसंस्था, उद्योग तथा व्यापारिक प्रतिष्ठान र कृषि फर्मलाई विद्यार्थीको सिकाइ-हिस्सा बनाउन सके सिकाइ क्षमतामा बदलिन सक्छ ।

कतिपय सामुदायिक विद्यालयमा प्रतिस्पर्धी शिक्षकको व्यवस्था छैन । राजनीतिक प्रभावमा भर्ती भएका धेरै शिक्षक शिक्षाको गुणस्तर सुधार्न अयोग्य छन् । यसले विद्यालयमा आलोचनात्मक सिकाइ हुन दिएको छैन । यी शिक्षकलाई तलब खुवाउन अभिभावकसित उठाइएको भर्ना शुल्कका कारण गरिब विद्यार्थीको शैक्षिक पहुँच खुम्चने जोखिम बढेको छ । सामुदायिक विद्यालयमा तलबभत्ताका लागि उठेको रकमलाई बचत गर्ने अस्वाभाविक आर्थिक महत्त्वाकांक्षा पलाएको छ ।

शिक्षाको गुणस्तर उकास्न कुनै खास भाषाको प्रयोगभन्दा पनि उक्त भाषामा लिखित-प्रकाशित सामग्री महत्त्वपूर्ण हुन्छन् । भाषाको प्रयोगले मात्रै सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरीय बनाउँछ भन्न सकिन्न । यसका लागि विद्यार्थीलाई अध्ययनशील बन्न सघाउने शैक्षिक सामग्री र वातारणको खाँचो हुन्छ ।साभार : कान्तिपुर

## खेतीयोग्य.......

उदाहरणसहित प्रश्न उठाएका छन्, 'उद्योगी-व्यवसायी सांसदको परीक्षा : मतदाताको प्रतिनिधि बन्ने कि आफ्नै व्यापारिक घरानाको ?' उनको विश्लेषणात्मक रिपोर्ट अनुसार, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन ( बाफिया) संशोधनका लागि २०७३ सालमा संसद् पुगेको थियो । तर, यो विधेयकमाथि नीतिगत निर्णय गर्ने अर्थ समितिमा सिभिल बैंकका अध्यक्ष इच्छाराज तामाङ, जनता बैंकका अध्यक्ष उदय नेपाली श्रेष्ठ, प्राइम कमर्सियल बैंकका अध्यक्ष उमेश श्रेष्ठ, माछापुच्छ्रे बैंकका अध्यक्ष वीरेन्द्रप्रसाद महतो थिए, जो सांसदको ट्याग झुन्ड्याएर आआफ्नो श्री-सम्पत्ति वृद्धिका लागि अनेक चाल चल्दै थिए । समितिमा बसेपछि वित्तीय संस्थासँगको आबद्धता त्याग्नुको सट्टा उनीहरू आफ्नो व्यवसाय अनुकूल हुने गरी कानुन बनाउन लागिपरेका थिए । हुन त उनीहरूका राजनीतिक दल भिन्नाभिन्नै थिए, तर आर्थिक स्वार्थ भने अलग-अलग थिएन ।

करोडपति-सभा वा अपराधी-सभा

लोकतन्त्रको संसदीय स्वरूपमा मात्रै समाजका धनाढ्य र शक्तिशालीको चलखेल हुने होइन, त्यसअघि दक्षिण एसियामा गणतन्त्रका नाममा र दक्षिणपूर्वी युरोपका नगर राज्यमा प्रजातन्त्रका नाममा अल्पसंख्यक धनीमानी स्वतन्त्र नागरिकहरूको हालीमुहाली हुन्थ्यो । पुँजीवादी क्रान्तिपछि संसद् निर्माण र प्रतिनिधित्वको नयाँ प्रणाली स्थापित हुँदा बहुसंख्यक जनताको मन-मस्तिष्कमा महान् भ्रम उत्पन्न भयो वा गरियो । त्यो भ्रम हो– हामी नै हाम्रो नियतिका निर्माता हौं, हामी आफ्ना प्रतिनिधिमार्फत आफैंलाई शासन गर्न सक्षम छौं । यही भ्रमको पर्दापछाडिको असली खेलका क्रममा अल्पसंख्यक धनीमानी र शक्तिशालीहरूका हातमा सत्ता-शक्तिलाई केन्द्रित गर्ने रणनीतिको उपयोग मज्जासँग हुँदै आएको छ ।

फेलिक्स ग्रिनले 'द एनेमी' पुस्तकमा अमेरिकी र युरोपेली लोकतन्त्रबीच एउटा मनोरञ्जक भिन्नतातिर संकेत गरेका छन् । उनको अध्ययन अनुसार, ब्रिटेन र फ्रान्समा महत्त्वपूर्ण निर्णयलाई नियन्त्रित गर्ने काम सामान्यतः पेसेवर राजनीतिज्ञहरूमार्फत गरिन्छ । उच्च व्यावसायिक र वित्तीय वर्गका सदस्यहरू नेताहरूका माध्यमबाट काम गर्नुलाई नै सुविधाजनक ठान्छन् । उनीहरूलाई आफ्नो प्रवक्ता मानेर नेपथ्यमा काम गर्छन् र सार्वजनिक दृष्टिमा कमै प्रकट हुन्छन् । तर, संयुक्त राज्य अमेरिकामा भने त्यसको ठीक उल्टो तरिकाले काम गरिन्छ । त्यहाँ ठूलठूला व्यवसाय र वित्तीय संस्थाहरूका प्रतिनिधिहरू कुनै पनि मामिलामा हुने निर्णयसँग आफ्नो सीधा सम्बन्ध हुनुपर्ने अपेक्षा गर्छन् । त्यसैले धेरैजसो राष्ट्रपतिको मन्त्रिमण्डलका अधिकांश सदस्य सफल व्यवसायी छन्, जसमा अनेक करोडपति छन् । विश्वव्यापी सञ्जाल भएको स्ट्यान्डर्ड आयलजस्तो कम्पनी अमेरिकाको विदेशनीति निर्धारणमा आफ्नो हात होस् भन्ने चाहन्छ । त्यसैले जुनसुकै दलको सरकार बने पनि वर्षौंवर्षसम्म त्यस कम्पनीसँग निकट सम्बन्ध रहेको रकफेलर परिवारद्वारा मनोनीत व्यक्ति अमेरिकाको विदेशमन्त्री हुने चलन रह्यो । आफूलाई संसारकै सबैभन्दा ठूलो लोकतन्त्र ठान्ने भारतको लोकसभामा पनि अमेरिकाकै छाया देख्न पाइन्छ, जसलाई खासमा करोडपति-सभा वा अपराधी-सभा भन्न मिल्छ । 'एसोसिएसन फर डेमोक्रेटिक रिफर्म' (एडीआर) ले सन् २०१४ मा चुनिएका सांसदहरूको शपथपत्रको विश्लेषण गर्दै प्रतिवेदनमा भनेको छ– लोकसभामा रहेका ५२१ जना सांसदमध्ये कम्तीमा ८३ प्रतिशत करोडपति थिए भने ३३ प्रतिशत आपराधिक मामिलामा जोडिएका थिए । ती सांसदमा भाजपाका २२७, भारतीय कांग्रेसका ३७ र अन्नाद्रमुक पार्टीका २९ जना थिए । लोकसभालाई करोडपति र अपराधीहरूको सभामा फेर्ने उपक्रम पछिल्ला वर्षहरूमा कम हुनुको सट्टा झन् बढेको छ, मोदी नेतृत्वको भाजपा सरकारले आसेपासे पुँजीपतिहरूलाई पोस्ने 'क्रोनी क्यापिटलिजम' लाई व्यापक विस्तार गरेसँगै । अरुन्धती रोयका अनुसार, विश्वकै धनी राजनीतिक दलका रूपमा स्थापित भाजपाले लोकसभामा बहुमत कायम गर्दै, सरकारमा प्रभुत्व स्थापित गर्दै कर्पोरेट वंशवादलाई पोसेका कारण अम्बानी, अडानी, मित्तल र जिन्दलजस्ता वैश्य साहुहरूका कम्पनी फस्टाएका छन् ।

'क्रोनी क्यापिटलिजम' को संसदीय रूपतीस वर्षयता पुँजीवादी अर्थतन्त्रको विस्तारका क्रममा नवउदारवाद र निजीकरणको प्रक्रियालाई तीव्र बनाइएपछि भारतमा व्यापारी-उद्योगपति र अपराधीहरू राजनीतिक संयन्त्रमाथि कब्जा गर्न हामफालेका हुन् । ठीक त्यही प्रवृत्ति विस्तारको सिलसिलामा नेपाली राज्य-संयन्त्रमाथि प्रभुत्व जमाउने नीति र नियतका साथ ठेकेदार र व्यापारीहरू निर्वाचित भएर आएका छन्, कैयौं आपराधिक पृष्ठभूमिका सांसदको संख्या पनि बढ्दो छ । यसले एकातिर राजनीतिक क्षेत्रमा व्यापारी र ठेकेदारहरूको आर्थिक स्वार्थको विस्तारतिर संकेत गरेको छ भने, अर्कातिर राजनीतिको अपराधीकरणतिर पनि इंगित गरेको छ । पहिले राजनीतिक नेताहरूबाट आफ्ना हित र स्वार्थ सिद्धि गर्ने 'क्रोनी क्यापिटलिजम' को अभ्यासबाट चित्त नबुझेर राजनीतिको बागडोर नै सम्हाल्ने उनीहरूको मनसायले लोकतन्त्रको नेपथ्यमा रहेको धनतन्त्रलाई सार्वजनिक वृत्तमा उजागर गर्न थालेको छ ।

पहिले-पहिले दल, दलपति र सांसदहरूमार्फत राज्य र सरकारका नीति र कार्यक्रमलाई आफ्नो व्यवसायको स्वार्थ अनुसार फेरबदल गर्नमा खप्पिस व्यापारी, उद्योगपति र ठेकेदारहरू अब डाडुपन्यु नै आफ्नो हातमा लिन सफल हुँदै छन् । उनीहरूले पाएको सांसद पद र कर्मले नेपाली राज्य, सरकार र संसद्को समाजवाद-उन्मुख भनिएको संविधानविपरीतको पुँजीपति वर्गीय चरित्र उजागर गरेका छन्, जुन जनमुखी र लोकतान्त्रिक पक्कै देखिँदैन ।

साहुजीका खेलमा मग्न हुने र साहुजीका पैसामा चलखेल गर्ने थजात दलपतिहरूको अगुवाइमा जारी समाजवाद कसका लागि स्वर्ग हुने हो, प्रस्ट देखिँदै छ । साहुजीहरूको संसद् प्रवेश र प्रभुत्व विस्तारसँगै गठन भएको पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको बिब्ल्याँटो सरकारले पनि ओली र देउवा नेतृत्व सरकारले जारी राखेको 'क्रोनी क्यापिटलिजम' लाई निरन्तरता दिनेमा कुनै शंका छ ?सभार इकान्तिपुर

## मधेश.....

लाख रुपैयाँको माग गरेका थिए । पक्राउ परेका भारतीय नागरिक शेषलाई जिल्ला प्रहरी कार्यालय महोत्तरीको जिम्मा लगाइएको छ ।

## बाल विवाह..

सर्वपक्षीय प्रयास हुनु पर्नेमा जोड दिए । त्यसैगरी कार्यक्रममा बोल्दै प्रमुख अतिथि लामिछानेले यस प्रकारका कार्यक्रमले समाजमा सकारात्मक सन्देश जाने, थोरै भएपनि बाल विवाह तथा दाइजो प्रथा न्यूनीकरण हुने अपेक्षा राखेको बताए ।

जिल्लाका ग्रामीण क्षेत्रमा हुने बाल विवाह नियन्त्रण, त्यसका विरुद्ध सचेतना वृद्धि गर्ने, अविभावकलाई जागरण गराउने र बालविवाहको उजुरी गर्ने पद्धती विकास गर्ने मुल उद्देश्यका साथ आयोजित उक्त कार्यक्रम आगामी दिनमा समेत निरन्तर संचालन गरिने पालिका कार्यालयले जनाएको छ ।

उक्त कार्यक्रममा ४० जना महिला सहित स्थानिय बासीहरुको सहभागिता रहेको थियो ।

## सन्तान.....

बस्छौं, बाहिरको काम गर्ने, खर्चको जोहो गर्ने मान्छेले बन्ध्याकरण गर्दा भोली कुनै अप्ठ्यारो आए कमाई कसले गर्छ ? अनि घर कसरी चल्छ ?,' उनी भन्छिन्, त्यसैले म नै बन्ध्याकरण गर्न अघि सरेको हुँ ।'

उनी मात्रै होइन वीरगञ्ज ३२ टेढाकी नगिना खातुन पनि यस्तै व्यथा सुनाउँछिन् । 'पुरूष आफैंले म बन्ध्याकरण गर्छु भनेर भन्दैनन्, घरबाट बाहिर गएर काम गर्ने हुँदा श्रीमानलाई अप्ठेरो नहोस भनेर हामी आफैं बन्ध्याकरण गराउन आएका हौं,' उनी भन्छिन्, । पुरुषको पनि बन्ध्याकरण गर्न मिल्छ भन्ने कुरा हामीलाई जानकारी नै छैन ।

परिवार नियोजन गर्ने सोच बनाएको २ वर्ष वित्यो । गाउँबाट वीरगञ्ज गएर परिवार नियोजन गराउन न त खर्चको जोहो नै गर्न सकियो न त कामले समय नै मिल्यो । अहिले गाउँ नजिकै शिविर चलेपछि बल्ल परिवार नियोजन गर्ने अवसर जुरेको खातुन बताउँछिन् ।

शिविरसम्म आउजाउ गर्ने व्यवस्था महानगरले मिलाएको र त्यसैमा आउजाउ गर्न पाउँदा बजार पुगेर गर्नु पर्ने खर्च जोगिएकोमा ४२ वर्षीय नगिना खुशी देखिन्थिन् ।

बन्ध्याकरणकै लागि बजारको अस्पताल धाउँदा भाडा, खाजासहित अस्पतालमा लाइन लाग्नुपर्ने, पुर्जी काट्नुपर्ने झन्झटबाट यहाँका सेवाग्राही मुक्त भएका छन् । अझ महानगरले न्यानो कपडासमेत उपलब्ध गराएको हुँदा अहिले बढ्दै गरेको चिसो मौसममा काम लाग्ने भन्दै बन्ध्याकरण गर्न आएकाहरु खुशी देखिन्थे ।

वीरगञ्ज महानगरपालिका वडा नम्बर ३० लालपर्सास्थित स्वास्थ्य चौकीमा बिमला, नगिनासँगै ३ दिनमा ९५ जना महिलाले स्थायी बन्ध्याकरण गरेका छन् । ९५ जना महिलाको परिवार नियोजन गर्दा पनि पुरुष संख्या भने शुन्य रह्यो ।

लालपर्सा स्वास्थ्य चौकीकी सिनियर अनमी किरण सिंह पुरुषले पनि बन्ध्याकरण गर्नुपर्छ भन्ने मानसिकताको विकास नहुँदा र यस भेगमा अभ्यासमा नआएकाले अहिले शिविर चल्दा पुरुषको उपस्थिति शुन्य हुन पुगेको बताउँछिन् ।

स्त्री तथा प्रसुती रोग विशेषज्ञ डा. दिप्ती यादवका अनुसार बन्ध्याकरण पुरुषले पनि गर्दा केही फरक पर्दैन भन्ने किसिमको मानसिकता अझै यस क्षेत्रमा विकास भइसकेको छैन । जनचेतनाको कमी भएको बताउँदै उनले सचेतना फैलाउनुपर्नेमा जोड दिइन् ।

महिलाको तुलनामा पुरुषको बन्ध्याकरण सहज र चाँडै ठीक हुने हुन्छ। अर्का स्वास्थ्यकर्मी अनिशकान्त कुशवाहा भन्छन्, तर पनि पुरुषको संख्या हेर्दा चिन्ता लाग्दो छ। परिवार नियोजन कार्यक्रम संचालन भएको कयौं वर्ष वित्यो । तर यसमा पुरुषलाई समान सहभागिता जनाउने अवस्था ल्याउन नसक्नु स्वास्थ्य क्षेत्रको लागि ठूलो चुनौती रहेको कुशवाहा बताउँछन् ।

'यो हाम्रो स्वास्थ्य क्षेत्रकै लागि चुनौति हो, वर्षौदेखि यस्ता अभियान चलिरहेको छ, तर पनि गाउँघरमा बन्ध्याकरण गर्ने पुरुषहरुको संख्या जहिल्यै शुन्य हुन्छ ।' विगतमा पनि पुरुषको संख्या यस्तै शुन्य रहेको उनको अनुभव छ ।

जिल्ला स्वास्थ्य कार्यालय पर्साको आयोजना र वीरगञ्ज महानगरपालिकाको संयोजनमा सोमबारदेखि निःशूल्क बन्ध्याकरण शिविर चलिरहेको छ ।

पहिलो ३ दिन महानगरको वडा नम्वर ३० लालपर्सा स्वास्थ्य चौकीमा संचालन भएको शिविर त्यसपछि वडा नम्वर २५ श्रीसिया स्वास्थ्य चौकीमा ३ दिन संचालन भयो ।

महानगरले वडा नम्वर १७ देखि ३२ सम्मका वडाका नागरिकको सहजताका लागि २ ठाउँमा शिविर राखेर अभियान चलाएको हो । यो शिविरबाट १६ वटा वडाका सन्तानको रहर पुगेका दम्पत्तिहरु लाभान्वित भएका छन् ।

शिविरमा महिलाको लागि मिनिल्याप र पुरुषको लागि भ्यासेक्टोमी प्रविधिबाट स्थायी बन्ध्याकरण गराइने गरेको वीरगञ्ज महानगरको स्वास्थ्य महाशाखाकी ईन्दिरा लोहनीले जानकारी दिइन् ।

## गृहमन्त्री......

राहदानी विभागका अधिकारीहरुलाई बोलाएर त्यहाँको समस्या बुझेका थिए ।

विभागमा सेवाग्राहीको अत्यधिक भीड हुने गरेको छ। माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा सरकार गठन भएको दिनमा बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले राहदानी र लाइन्सेन्स वितरणको समस्या हल गर्ने निर्णय गरेको थियो ।

# भाषा आयोगले सूचीकरण नगरेको भाषामा प्रदेश सांसदहरूलाई शपथग्रहण नगराउन माग



जनकपुरधाम, पुस १३ गते ।
मधेश प्रदेशमा शुक्रबार हुने सपथग्रहणमा भाषा आयोगले सूचीकरण गरेको भाषा बाहेकका भाषामा शपथग्रहण नगराउने विभिन्न संघ संस्थाले माग गरेको छ ।
भाषा, साहित्य, कला, संस्कृतिको क्षेत्रमा कार्यरत ९ अग्रणी संस्थाले आयोगले सूचीकरण गरे बाहेकको भाषामा प्रदेश सांसदहरुलाई शपथग्रहण नगराउन मधेश प्रदेशसभा सचिवालयसँग माग गरेका छन् ।
मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी, मिथिला नाट्यकला परिषद्का अध्यक्ष प्रमेश झा, रमानन्द युवा क्लवका अध्यक्ष मनमोहन साह, मैथिली साहित्यकार सभाका अध्यक्ष प्रेम विदेह ललन, रंग वाटिका नेपालका अध्यक्ष उपेन्द्र भगत नागवंशी र रंग दर्पणका अध्यक्ष रितेश कुमार साहलगायत भाषा अभियन्ताहरूले मधेश प्रदेशसभा सचिवालयका सचिव रञ्जितकुमार यादवलाई लिखित ध्यानाकर्षण गराएका छन् ।विभिन्न संघ संस्थाले बुझाएको संयुक्त ध्यानाकर्षणपत्रमा नेपाल सरकारको आधिकारिक दस्तावेजहरुले चिन्दै नचिनेको मधेशी भाषामा शपथग्रहण गर्न दिएर संघीय संसद्रु सचिवालयले मुलुकमा भाषा विवाद सिर्जना गरेको बताइएको छ ।मुलुकमा बोलिने १२३ भाषाभाषीहरुको पहिचानमाथि कुठाराघात भएको ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

# मुख्यमन्त्रीको भागवण्डा :एमालेलाई ४,माओवादीलाई २, मधेशमा जसपा र जनमतको आलोपालो

वीरगञ्ज, १३ पुष । सत्ता साझेदार दलहरुबीच प्रदेश सरकारको नेतृत्व भागवण्डाबारे छलफल सुरु भएको छ। सरकारको नेतृत्व गरेको दल माओवादी केन्द्रका नेताहरु एमालेलाई चार वटा प्रदेशको मुख्यमन्त्री दिन तयार देखिएका छन् ।
एमालेले प्रदेश १, बाग्मती, गण्डकी र कर्णालीको मुख्यमन्त्री पाउने सम्भावना छ । यद्यपि प्रदेश १ को मुख्यमन्त्रीमा माओवादीको पनि दाबी छ । माओवादीको प्रदेश कमिटीले मुख्यमन्त्रीमा दाबी गर्दै वार्ता समिति नै बनाएको छ ।
एमालेबाट संसदीय दलका नेता हिक्मत कार्की मुख्यमन्त्रीका आकांक्षी हुन् । प्रदेश १ मा एमाले ४० सिटसहित पहिलो दल हो भने माओवादीको १३ सिट छ । ९३ सदस्यीय प्रदेशसभामा सत्ता गठबन्धनको प्रष्ट बहुमत छ ।
११० सदस्यीय बाग्मती प्रदेशसभामा एमाले र माओवादीको मात्र बहुमत पुग्दैन । उसले राप्रपाको पनि समर्थन लिनुपर्ने हुन्छ । एमालेको २७ सिट, माओवादीको २१ र राप्रपाको १३ सिट छ । यहाँ पनि माओवादीका शालिकराम जम्मरकट्टेल, गंगा श्रेष्ठ, सरल सहयात्री मुख्यमन्त्रीका आकांक्षी हुन् ।
६० सदस्यीय गण्डकी प्रदशेसभामा एमालेको २२ र माओवादी केन्दको ८ सिट छ । यहाँ पनि सरकार गठन गर्न राप्रपाको समर्थन चाहिन्छ । एमालेले सरकारको नेतृत्व पाएको अवस्थामा स्थायी कमिटी सदस्य खगराज अधिकारी मुख्यमन्त्री बन्नेछन् ।



कर्णाली एमालेको भागमा परेमा यमलाल कँडेल मुख्यमन्त्री हुनेछन् । ४० सदस्यीय कर्णााली प्रदेशसभामा माओवादी केन्द्रको १३ र एमालेको १० सिट जोड्दा बहुमत पुग्छ ।
माओवादी केन्द्रले लुम्बिनी र सुदुरपश्चिमको मुख्यमन्त्री लिने देखिएको एक नेताले बताए । ८७ सदस्यीय प्रदेशसभामा नागरिक उन्मुक्ति, जनमत, जनता समाजवादी लगायतका सबै दलले साथ दिँदा मात्र बहुमत पुग्छ । एमालेको २९, माओवादीको ९, राप्रपा र नागरिक उन्मुक्तिको ४/४, जनमत र जसपाको ३/३ प्रदेश सभा सदस्य छन् ।
सुदूर पश्चिम प्रदेशसभामा पनि सरकार निर्माणमा नागरिक उन्मुक्ति निर्णायक हुनेछ । ५३ सदस्यीय प्रदेशसभामा माओवादीको ११ एमालेको १०, नागरिक उन्मुक्तिको ११ र राप्रपाको १ सिट छ। यो प्रदेशमा सरकारको नेतृत्व माओवादीले पाएमा प्रदेश अध्यक्ष समेत रहेका खगराज भट्ट मुख्यमन्त्री बन्ने सम्भावना छ ।
मधेस प्रदेशको नेतृत्वमा भने जनता समाजवादी र जनमत पार्टीबीच आलोपालो गर्ने गरी सहमतिको प्रयास भइरहेको छ ।
१०७ सदस्यीय प्रदेशसभामा एमाले २३ सिटसहित पहिलो दल हो भने जसपाको १६, जनमतको १३ र माओवादी केन्द्रका ८ सांसद छन् ।

# राष्ट्र बैंक अगाडि धर्ना
# समस्या समाधान नभए चर्को आन्दोलन गर्ने

वीरगञ्ज, १३ पुष ।
नेपाल राष्ट्र बैंकको चालु पूँजी कर्जा निर्देशिका तथा बैंकहरुको चर्को ब्याज दरका विरुद्ध वीरगञ्ज उद्योग वाणिज्य सङ्घ आन्दोलनमा उत्रिएको छ । नेपाल राष्ट्र बैंकको गलत आर्थिक नीतिले बजार व्यवसाय तहसनहस भएको भन्दै सङ्घको नेतृत्वमा उद्योगी व्यवसायीहरु आन्दोलनमा उत्रिएका हुन् ।
आन्दोलनको आज चौथो दिन व्यवसायिक प्रतिष्ठान अगाडि चालु पूँजी कर्जा निर्देशिकाको बिरोधमा नेपाल राष्ट्र बैंक अगाडि धर्ना दिनुका साथै हातमा कालो पट्टी बाँधी बिरोध जनाएको सङ्घका उपाध्यक्ष हरिप्रसाद गौतमले बताउनु भयो ।
राष्ट्र बैंकको गलत मौद्रिक नीति र फितलो अनुगमनको कारण प्राय: बाणिज्य बैंकहरुले बजारमा तरलताको अभाव देखाएर मनोमानी किसिमले ब्याज वृद्धा तथा विभिन्न नीतिगत जटिलताका विरोधमा आन्दोलन गर्नुपर्ने बाध्यता आएको बताइएको छ ।
वीरगञ्ज उद्योग वाणिज्य सङ्घबाट निस्केको ऱ्यालीले वीरगञ्ज नगरको परिक्रमा गर्दै राष्ट्र बैंक अगाडि पुगी धर्ना दिएका थिए ।
धर्ना कार्यक्रममा सम्बोधन गर्दै कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घ - मधेश प्रदेशका अध्यक्ष




गणेशप्रसाद लाठ, वीउवासङ्घका पूर्व अध्यक्ष अशोककुमार टेमानी, सचिव आशीष लाठ, होटल व्यवसायी सङ्घका अध्यक्ष हरि पन्त, लुब्रिकेन्ट व्यवसायी सङ्घ, पर्साका अध्यक्ष विकाश ठाकुर, नेपाल औषधि व्यवसायी सङ्घ, पर्साका अध्यक्ष ताजुदिन अंसारी, किराना व्यवसायी सङ्घका अध्यक्ष शंकर कुशवाहा लगायतले शीघ्र चर्को ब्याज दर चालु पूँजी कर्जा निर्देशिकाको अव्यवहारिक र निजीक्षेत्र अमैत्री प्रावधान हटाउन माग गरेका थिए ।
हाम्रो शान्तिपूर्ण विरोधलाई प्राथमिकताका साथ लिई बैंक तथा वित्तीय संस्थाको चर्को ब्याज दर र राष्ट्र बैंकको अव्यवहारिक निर्देशिका तत्काल संशोधन गरेर उद्योग व्यापारलाई राहत दिनुपर्नेमा वक्तहरुले जोड दिएका थिए । यस पश्चात् पनि माग पूरा नभए सशक्त आन्दोलनमा जाने चेतावनी समेत दिएका छन् । कार्यक्रमका सहजीकरण वीउवासङ्घका मनोज उपाध्यायले गर्नु भएको थियो ।
बिरोध कार्यक्रममा संघका पदाधिकारी, कार्यसमिति सदस्य, उद्योगी, व्यापारी, नागरिक समाज, कर्मचारी लगायतको उपस्थिति रहेको थियो ।
यस अघि सङ्घले पहिलो दिन चर्को ब्याज दर र चालु पूँजी कर्जाको साङ्केतिक बिरोध स्वरुप वीरगञ्ज उद्योग बाणिज्य सङ्घको कार्यालय र नेपाल राष्ट्र बैंकको मुख्यद्वार अगाडि विभिन्न नाराहरु लेखिएको ब्यानरहरु झुण्डयाइएको थियो ।

# सुशान्त सिंह राजपूतको हत्या दाबीबारे के भन्छिन् उनकी बहिनी श्वेता?

काठमाडौं, पुस १३
बलिउड अभिनेता सुशान्त सिंह राजपूत मुम्बईस्थि आफ्नै ब्रान्द्रा अपार्टमेन्टमा मृत भेटिएका थिए। हाल उनको मृत्यको मुद्धा अदालतमा विचाराधीन छ।
प्रहरीले उनको मृत्युलाई आत्महत्या बताए पनि कूपर अस्पतालका कर्मचारी रुपकुमार शाहले हत्या भएको दावी गरेका छन्। शाहले हत्या भएको दाबी गरेसँगै घटनामा नयाँ मोड आएको छ। सुशान्तको बहिनी श्वेता सिंह कीर्तिले ट्वीट गर्दै सिबिआईलाई गम्भीरताका साथ मुद्दा हेर्न अनुरोध गरेकी छन्।
'यदि यसमा एक प्रतिशत पनि सत्यता छ भने, हामी सिबिआईलाई लगनशीलताका साथ मुद्दा हेर्न आग्रह गर्दछौं। तपाईहरूले निष्पक्ष छानबिन गरी सत्य तथ्य पत्ता लगाउनु हुनेछ भन्ने हाम्रो विश्वास छ। अहिलेसम्म सत्य बाहिर नआउँदा हाम्रो मुटु दुख्छ,' उनले लेखेकी छन्।
साथै उनले एक भिडिओ सार्वजनिक गर्दै सुशान्त फ्यानहरूलाई मुद्धा छानबिन गर्न सिबिआईलाई दबाब दिन आग्रह गरेकी छन्।
कूपर अस्पतालको शवगृहका कर्मचारी रूपकुमार शाहले मंगलबार अभिनेता सुशान्तको हत्या भएको दाबी गरेका थिए।
'सुशान्तको शव पोस्टमार्टमका लागि ल्याउँदा उनको शरीरमा चोटपटक लागेको थियो। उनको घाँटीमा पनि दुई/तीन वटा चोट थियो। यस पूरै प्रक्रियालाई रेकर्ड गर्न आवश्यक थियो तर उच्च अधिकारीहरूले शरीरको मात्र तस्बिर लिन आदेश दिएका थिए। मैले उनीहरूले दिएको आदेश पालना गर्नुपर्यो,' उनले भने।
उनले पहिलो पटक सुशान्तको शव हेर्ने बित्तिकै आत्महत्या होइन हत्या लागेको बताए। शाहका अनुसार पोस्टमार्टमको भिडिओ रेकर्डिङलाई अनुमति दिइएको थिएन। त्यसैले अन्तिम समयमा





सुशान्तको शवको अवस्थाको कुनै प्रमाण छैन।
पोस्टमार्टम रिपोर्टमा सुशान्तको झुन्डिएका कारण मृत्यु भएको उल्लेख गरिएको थियो।
इन्डिया टुडेका अनुसार शाह पोस्टमार्टम गर्ने टिममा सामेल थिएनन्। यस कुरालाई सुशान्त सिंह राजपूतको पोस्टमार्टम टिमलाई नेतृत्व गरेका डाक्टर सचिन सोनमले पुष्टी गरेका छन्।
१४ जुन सन् २०२० मा अभिनेता सुशान्त मुम्बईस्थित आफ्नै बान्द्रा अपार्टमेन्टमा झुन्डिएको अवस्थामा भेटिएका थिए। सुशान्तको अन्तिम फिल्म 'दिल बेचरा' हो जुन उनको मृत्य भएपछि ओटिटी प्लाटफर्म डिज्नी प्लस हटस्टारमा रिलिज भएको थियो।

# सन्तान जन्माउनदेखि रोक्नसम्म महिलालाई पिडा, बन्ध्याकरण गर्ने पुरूषको संख्या शुन्य



वीरगञ्ज, १३ पुष । वीरगञ्ज ३१ बेलवाकी बिमला मिजार २ सन्तानकी आमा हुन् । एक छोरा र एक छोरीलाई जन्म दिईसकेपछि उनले बितेको बुधवार स्थायी बन्ध्याकरण गरेकी छिन् ।
वीरगञ्ज ३१ कै ३४ वर्षीय लुपमान मियाँ अन्सारीले पनि श्रीमतीको बन्ध्याकरण गराएका छन् । लुपमानकी श्रीमतीले २८ वर्षकै उमेरमा ३ छोरा र २ छोरीको जन्म दिएर बुधबार मिनिल्याप मार्फत स्थायी बन्ध्याकरण गरेकी हुन् । ५ सन्तानमध्ये २ सन्तानको शल्यक्रिया मार्फत जन्म भएको थियो । ३ जनाको भने साधारण तवरबाटै जन्म भएको उनी बताउँछिन् । ५ सन्तानको जन्म पछि सन्तानको रहर पुरा भएकाले यो दम्पत्तीले सल्लाहमै स्थायी बन्ध्याकरण रोजेको हो ।
तर अन्सारीले आफूले बन्ध्याकरण नगरी श्रीमतीको बन्ध्याकरण गराए । 'मैले त दुबै मध्ये एक जनाले गरौं भनेकै हो, श्रीमतीले नै मै गर्छु भनेर अघि सरेपछि उनलाई लिएर शिविरमा आएको हुँ,' अन्सारी भन्छन् ।
उनको श्रीमतीले पनि श्रीमान् बाहिर काम गर्नु पर्ने भएकाले बन्ध्याकरण आफूले गरेको बताउँछिन् । 'हामी महिला त घरमै

बाँकी तेश्रो पृष्ठमा

# गृहमन्त्री लामिछाने राहदानी विभाग निरीक्षणमा



काठमाडौं – उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने राहदानी विभाग निरीक्षणमा पुगेका छन् । बुधबार दिउँसो त्रिपुरेश्वरस्थित राहदानी विभाग पुगेर गृहमन्त्री लामिछानेले त्यहाँको अवस्थाबारे जानकारी लिएको उनको सचिवालयले जनाएको छ ।
मन्त्री लामिछानेले सोमबार शपथ लिएका थिए । उनले मंगलबार पनि

बाँकी तेश्रो पृष्ठमा